नेपाल सरकार

**शिक्षक सेवा आयोग**

सानोठिमी, भक्तपुर

**माध्यमिक तहको अस्थायी अध्यापन अनुमति पत्रको लागि**

**लिइने लिखित परीक्षाको दरखास्त आह्वान**

माध्यमिक तहमा अध्यापन गर्न इच्छुक उम्मेदवारहरुबाट अध्यापन अनुमति पत्रको परीक्षामा सहभागी हुनको लागि देहायको शर्त र परिधिको अधिनमा रही रितपूर्वकको दरखास्त आव्हान गरिएको छ ।

| क्र. सं. | वि.नं. | अध्यापन अनुमति पत्रको किसिम | न्यूनतम योग्यता | कैफियत |
|---|---|---|---|---|
| १ | ३१/२०७४/०७५ | अस्थायी | स्नातकोत्तर तह उत्तीर्ण | शिक्षक सेवा आयोग नियमावली, २०५७ (नवौं संशोधन) को नियम ६घ को उपनियम (२क) अनुसार सेवा सुरु गरेको २ वर्षभित्र तालिम लिनुपर्नेछ । अन्यथा अध्यापन अनुमति पत्र रद्द हुनेछ । |

**१) परीक्षाको किसिम** : लिखित

**२) परीक्षा दस्तुर** : रु. ७००।- (सात सय) मात्र ।

**३) दरखास्त दिने कार्यालय** : जिल्ला शिक्षा कार्यालय झापा,
जिल्ला शिक्षा कार्यालय काठमाण्डौ,
जिल्ला शिक्षा कार्यालय कास्की,
जिल्ला शिक्षा कार्यालय बाँके,
जिल्ला शिक्षा कार्यालय कञ्चनपुर ।

**४) दरखास्त दिने अन्तिम मिति** : २०७४ माघ २० देखि फागुन २० गते सम्म र दोब्बर दस्तुर तिरी २०७४ साल फागुन २७ गतेसम्म ।

**५) आवश्यक न्यूनतम योग्यता**

- १८ वर्ष उमेर पुगेको,
- स्नातकोत्तर तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको, र
- शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधन सहित) को नियम ६घ को उपनियम (१) को खण्ड (क) - (च) बमोजिम अयोग्य नभएको हुनु पर्नेछ ।

**६) उम्मेदवारले दरखास्तसाथ संलग्न गर्नुपर्ने कागजातहरु**

- नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपी,
- स्नातकोत्तर वा सो सरहको परीक्षा उत्तीर्ण गरेको शैक्षिक योग्यताका प्रमाणपत्रहरुको फोटोकपी (वैदेशिक प्रमाणपत्रको हकमा समकक्षता प्रमाणपत्रको फोटोकपी समेत),
- परीक्षा दस्तुर राजश्व संकेत नं. १४२२४ मा जम्मा गर्नुपर्ने र कार्यालयको कोड एवं खाता नं. सम्बन्धित दरखास्त बुझाउने कार्यालयबाट यकिन गरी राजस्व दाखिला गरेको भौचरको फोटोकपी सम्बन्धित कार्यालयबाट प्रमाणित गराई दरखास्तसाथ पेस गर्नु पर्नेछ ।

७) **परीक्षा मिति र कार्यक्रम :** २०७४ साल चैत्र २४ गते शनिवार विहान ११ बजेदेखि ।

**८) परीक्षा संचालन हुने स्थान :** दरखास्त संकलन केन्द्र रहेको जिल्लाहरु ।

९) यस विज्ञापन बमोजिम सञ्चालन हुने लिखित परीक्षाको पूर्णाङ्क एक सय र उत्तीर्णाङ्क पचास रहेको छ । परीक्षाको लागि माध्यमिक तहको स्थायी अध्यापन अनुमति पत्रकै पाठ्यक्रम लागू हुनेछ ।

**१०) विज्ञापन सम्बन्धमा उम्मेदवारका लागि थप जानकारी** :

- आयोगवाट स्वीकृत अध्यापन अनुमति पत्रको दरखास्त फारामको नमूना र पाठ्यक्रम आयोगको website www.tsc.gov.np बाट प्राप्त गर्न सकिने छ ।
- दरखास्तसाथ संलग्न गर्नुपर्ने प्रमाणपत्रको फोटोकपीहरु सक्कल प्रमाणपत्रसँग रुजु गरी गराई उम्मेदवार स्वयंले प्रमाणित गरी पंजिका बनाई दरखास्त फारामसाथ संलग्न गरी बुझाउनु पर्नेछ ।
- यस विज्ञापन बमोजिम अध्यापन अनुमति पत्र प्राप्त गर्ने उम्मेदवारले शिक्षण सेवामा प्रवेश गरेपछि अवधि गणना सुरु हुनेछ । सेवामा प्रवेश गरेको २ वर्षभित्र माध्यमिक तह शिक्षणसँग सम्बन्धित १० महिने तालिम वा वि.एड उत्तीर्ण गरेको प्रमाण पत्रको फोटोकपी र अस्थायी अध्यापन अनुमति पत्र आयोगमा पेस गरेपछि **स्थायी अध्यापन अनुमति पत्र** प्रदान गरिने छ ।
- दोब्बर दस्तुरको म्यादलाई उमेर र योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।
- परीक्षा केन्द्रको लागि परीक्षा हुनुभन्दा तीन दिन अगावै आयोगको वेवसाइटमा सूचना प्रकाशित गरी जानकारी गराइनेछ ।